- **आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
- **मितिः २८ अगस्त २०२५**
- समयः १८:५० – १९:०० बजे

- **मुख्य समाचार**
- पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले तृणमूल छात्र परिषद (टीएमसीपी) को स्थापना दिवसको अवसरमा बधाई एवं शुभकामना दिनुभएको छ ।

- पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले राज्य सरकारलाई तत्काल निर्वाचन पञ्जीकरण पदाधिकारी अनि सहायक निर्वाचन पञ्जीकरण पदाधिकारीको नियुक्ति गर्ने निर्देश दिएको छ ।

- सेवोक १० माईलमा भएको अपहरण विषयलाई केन्द्र गर्दै आज भारतीय जनता पार्टी जिल्ला समितिको एक टोलीले दार्जीलिङ पुलिस उपरीक्षकलाई विशेष अनुसन्धान टोली गठनको निम्ति ज्ञापनपत्र बुझाएको छ।

- डेमोक्रेटिक युउथ् फेडेरेशन अफ् ईण्डिया (डीवाईएफआई) ले आज खरसाङमा एक रैली निकाल्दै विभिन्न मांगहरु लिएर खरसाङ खण्ड विकास अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन्।

- सन्त रोबर्टस स्कुलले भारतीय महिला फुटबल दलका मुख्य प्रशिक्षक श्री कृष्पीन छेत्रीलाई  फुटबल जगतमा उनको सफलता र  योगदानलाई कदर  गर्दै स्कुल हलमा एउटा कार्यक्रम आयोजन गरेर सम्मान जनाएको छ।

**तृणमूल छात्र परिषदको स्थापना दिवस**

पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले तृणमूल छात्र परिषद (टीएमसीपी) को स्थापना दिवसको अवसरमा संगठनको नयाँ अनि पुरानो सबै सदस्यहरुलाई बधाई एवं शुभकामना दिनुभएको छ । उहाँले भन्नुभयो, टीएमसीपी, तृणमूल परिवारको अभिन्न अंग हो अनि राज्यलाई अधिक सशक्त अनि विकसित बनाउने लड़ाईमा यो संगठनले निरंतर सक्रिय भूमिका निभाइ रहेको छ ।मुख्यमंत्रीले आफ्नो संदेशमा अन्याय बिरुद्ध डटेर उभिने संदेश दिनु भयो। उहाँले यस विशेष दिनमा नवयुवकहरुलाई कुनैपनि परिस्थितिमा अन्यायसित समझौता नगर्न आवहान गर्नुभयो। उहाँले शिर उच्च गरेर  बच्ने अनि अन्याय बिरुद्धको हरेक संघर्षमा आफु सदैव युवाहरुको साथ रहने बताउनुभयो ।मुख्यमंत्रीले छात्रहरुलाई स्वस्थ अनि सुरक्षित रहने शुभकामना दिनुभयो। आफ्नो संदेशको अन्त्यमा उहाँले “जय हिंद” अनि “जय बांग्ला” को उद्घोष पनि गर्नुभयो।

**बंगाल निर्वाचन आयोग**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले राज्य सरकारलाई तत्काल निर्वाचन पञ्जीकरण पदाधिकारी अनि सहायक निर्वाचन पञ्जीकरण पदाधिकारीको नियुक्ति गर्ने निर्देश दिएको छ । उहाँले यस संबंधमा मुख्य सचिव मनोज पंतलाई पत्र मार्फत शीघ्र कार्रवाहीको मांग गर्नुभएको छ। हिज राती लेखिएको पत्रमा यस सम्बन्धमा तुरंतै कदम उठाउन भनिएको छ| byte  [चुनाव आयोगले बारम्बार राज्यलाई विधानसभा क्षेत्रहरुमा यी अधिकारीहरुको नियुक्तिको रिपोर्ट मागिरहेको छ। आयोगले स्पष्ट गरेको छ, रिक्त पदहरु नभरेसम्म विशेष गहन पुनरीक्षण (मतदाता सूची अद्यतन प्रक्रिया) संभव छैन। आयोगले यस संबंधमा रिपोर्ट जम्मा गर्ने अंतिम मिति 29 अगस्त बेलुकी पांच बजे तय गरिएको छ।हाल राज्यमा निर्वाचन पञ्जीकरण पदाधिकारीहरुको 15 देखि 16 पद अनि सहायक निर्वाचन पञ्जीकरण पदाधिकारीको 500 भन्दा अधिक पद रिक्त छ । सूत्र अनुसार, यी नियुक्तिहरु नगरेसम्म मतदाता सूचीमा पारदर्शिता अनि सटीकता सुनिश्चित गर्न कठिन हुनेछ। जानकारहरु अनुसार बिहारमा विशेष

गहन पुनरीक्षण प्रक्रिया शुरू भएपछि अब बंगाल सहित पांच राज्यों—तमिलनाडु, केरल, पुडुचेरी, असम अनि पश्चिम बंगाल—मा पनि यही प्रक्रिया चाडै लागू हुन् सक्ने छ। स्मरण रहोस यी राज्यहरुमा 2026 मा विधानसभा चुनाव हुनेछ।हालै राज्य सरकारले आयोगको निर्देश अन्तगत आंशिक कार्यवाही गर्दै मयना र बारुईपुर पूर्व विधानसभा क्षेत्रका दुइनिर्वाचनपञ्जीकरण पदाधिकारी तथा दुइ सहायक पदाधिकारीलाई निलंबित गरेको थियो। उनीहरुमाथि मतदाता सूचीमा गड़बड़ी गरेको आरोप छ।]

**उत्तर बंगाल रेल रद्द**

पूजाको ठिक अघि पहाड़ आउने यात्रीहरुले असुविधा हुन् सक्नेछ। प्राप्त जानकारी अनुसार, मालदा टाउन स्टेशनमा यार्ड पुनर्निर्माणका लागि पूर्वी रेलवेले 113 ट्रेन रद्द गरेको छ।रेलवेले बताए अनुसार यी ट्रेनहरुको सेवा 30 अगस्तदेखि चार सितंबर बीच रद्द गरिएको छ। यस बाहेक, उक्त समय चल्ने अन्य महत्वपूर्ण ट्रेनहरुको समयमा बदलाव गरिने छ। कुनै ट्रेनहरुको मार्ग परिवर्तित गरिनेछ। परिणाम स्वरूप, उत्तर बंगाल आउने योजना बनाइ रहेकाहरुले असुविधाको सामना गर्न पर्नेछ।पूर्व रेलवेले भनेको छ, यी छ दिनहरुमा 40 एक्सप्रेस अनि आठ पैसेंजर सहित कुल 113 ट्रेनहरु रद्द हुनेछ। आजदेखि त्यस सेक्शनमा इंटरलॉकिंग अनि नॉन-इंटरलॉकिंगको काम गरिनेछ। यसै कारण ट्रेनहरुलाई रद्द गर्ने निर्णय लिइएको हो ।रद्द ट्रेनहरुको सूचीमा शताब्दी एक्सप्रेस, तीस्ता-तोरसा एक्सप्रेस, कुलिक एक्सप्रेस, हाटे बाजार एक्सप्रेस, कंचनकन्या एक्सप्रेस, कंजनजंघा एक्सप्रेस, राधिकापुर एक्सप्रेस जस्ता महत्वपूर्ण ट्रेनहरु सामेल छ। यस बाहेक मालदा टाउन जाने कैयन ट्रेनहरु रामपुरहाटसम्म चल्नेछ। कामाख्या, राधिकापुर जस्ता ट्रेनहरुको समयमा परिवर्तन गरिएको छ। जसको परिणामस्वरूप आगामी शनिवारदेखि उत्तर बंगाल आउने यात्रिहरुलाई समस्या हुनेछ । हावड़ा-सियालदहदेखि उत्तर बंगालसम्मको धेरै ट्रेनहरु रद्द सूचीमा छ। रेलवेले बताए अनुसार पुजाको समय यात्रीहरुलाई समस्या नहोस भन्ने हेतुले रेलवेको बुनियादी ढांचाको विकासका लागि ट्रेनहरुको चलाचल बंद गरी काम गरिएको हो ।

**भाजपा - अपहरण**

सेवोक १० माईलमा भएको अपहरण काण्ड विषयलाई केन्द्र गर्दै आज भारतीय जनता पार्टी जिल्ला समितिको एक टोलीले दार्जीलिङ पुलिस उपरीक्षकलाई विशेष अनुसन्धान टोली गठनको निम्ति ज्ञापनपत्र बुझाएको छ। अपहरण भएको ६ दिन बितिसक्दा पनि पुलिस प्रशासनबाट कुनै ठोस कार्य नभएको कारण यस्तो हेलचक्राई र अनुसन्धनमा भइरहेको डिलाईमाथि टोलीले प्रश्न उठाए। टोलीले प्रसासनलाई दबाब दिदै चाडो भन्दा चाडो अपहरण भएको नानीलाई खोजी निकाल्नु पर्ने माग राखे। स्मरण रहोस गत ६ दिनदेखि इसान गुरुङको अपहरण भएको थियो भने दार्जीलिङ पुलिसले अपहरण सम्बन्धमा सुचना दिनेलाई दुइ लाख नगदको घोषणा पनि गरेको छ।

**इन्द्रबहादुर राई साहित्यिक पुरस्कार**

तराईको सक्रिय साहित्यिक संस्था इबरा साहित्य प्रतिष्ठानले गत वर्षदेखि शुरु गरेको इन्द्रबहादुर राई साहित्यिक पुरस्कारको निम्ति पुस्तक आवहान गरेको छ। बुधबार प्रतिष्ठानका अध्यक्ष डा जेम्स बिश्वको अध्यक्षतामा बसेको एक सभाले तीन सदस्यीय जुरी चयन गर्दै सन् २०२२ देखि आजसम्म छापिएको कुनै पनि बिधाको पुस्तक पठाइदिने आह्वान गरेको छ। लेखकहरूले चार प्रति पुस्तक पठाउँनु पर्नेछ । पुस्तक पठाउँने अन्तिम मिति १ अक्टोबर २०२५ रहेको छ भने यो पुरस्कार आउँदो ३ फरवरी २०२६ को दिन इन्द्रबहादुर राई जन्मजयन्ती समारोहमा प्रदान गरिनेछ। पहिलो इन्द्रबहादुर राई साहित्यिक पुरस्कार मिरिकका कवि नुहाङ राई(सबीर दिलपाली)लाई दिइएको थियो।

**डेमोक्रेटिक युउथ् फेडेरेशन अफ् ईण्डिया**

डेमोक्रेटिक युउथ् फेडेरेशन अफ् ईण्डिया (डीवाईएफआई) ले आज खरसाङमा एक रैली निकाल्दै विभिन्न मांगहरु लिएर खरसाङ खण्ड विकास अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन्। डीवाईएफआईले खरसाङको रेलवे स्टेशनबाट रैली निकालेर पंखाबारी रोड हुँदै खरसाङ खण्ड विकास कार्यालयसम्म पुगेर विभिन्न मांगहरुमा ज्ञापन पत्र बुझाउने कार्य सम्पन्न गरेका छन्। उक्त

रैली र ज्ञापन पत्र बुझाउने कार्यमा डीवाईएफआई दार्जिलिङ जिल्ला सचिव सागर शर्मा, खरसाङकी सचिव दिपा तामाङ, खरसाङका सदस्य-सदस्याहरु क्रमैले सुवासना खाती, सविन एक्का, निलिमा छेत्री लगायत अन्यहरु उपस्थित रहेका थिए। डीवाईएफआईले खरसाङ खण्ड विकास कार्यालयमा पुगेर संयुक्त खण्ड विकास अधिकारी फ्रान्को सिध्दार्थ तामलाङलाई विभिन्न आठवटा विषयमा ज्ञापन पत्र बुझाउने कार्य सम्पन्न गरेका छन्। यस अन्तर्गत सय दिने रोजागारको कार्य झट्टै शुरु गर्नु पर्ने र यसको लागि दैनिक हाजिरा 600 रुपियाँ गर्नु पर्ने साथै सय दिने रोजागारको कार्य वर्षमा 100 दिनबाट बढाएर 200 दिन गर्नु पर्ने मांग गरिएको छ। त्यसरी नै स्थानीय क्षेत्रमा रिक्त रहेको सरकारी कार्यालयहरुमा स्थानीय र योग्यहरुलाई झट्टै भर्नु पर्ने लगायत अन्य विभिन्न मांगहरु राखिएको छ। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै डीवाईएफआई दार्जिलिङ जिल्ला सचिव सागर शर्माले विस्तृत जानकारी गराएका छन्। यस विषयमा संयुक्त खण्ड विकास अधिकारी फ्रान्को सिध्दार्थ तामलाङले पनि जानकारी गराएका छन्।

## मेरो दार्जीलिङ अभियान

भिकरन फाउन्डेशनको पहलमा दार्जीलिङ नगरपालिकाको सहकार्य र जीटीएको सहयोगमा 'मेरो दार्जीलिङ अभियान' आज चौकबजार वरपरको क्षेत्रमा सञ्चालन गरिएको छ। कार्यक्रममा सहभागीहरूले बजार तथा वरिपरिको क्षेत्रमा सरसफाइ अभियान सञ्चालन गरी वातावरण स्वच्छ राख्ने सन्देश दिएका थिए।कार्यक्रमपछि जीटीए प्रमुख कार्यपाल अनित थापाले सञ्चारकर्मीहरूसँग कुरा गर्दै यस्तो अभियानले दार्जिलिङलाई सफा, सुन्दर र स्वस्थ बनाउने प्रयासलाई थप सशक्त बनाउने विश्वास व्यक्त गरे।

## प्रशिक्षक श्री कृष्पीन छेत्री-सम्मान

सन्त रोबर्टस स्कुलले भारतीय महिला फुटबल दलका मुख्य प्रशिक्षक श्री कृष्पीन छेत्रीलाई फुटबल जगतमा उनको सफलता र योगदानलाई कदर गर्दै स्कुल हलमा एउटा कार्यक्रम आयोजन गरेर सम्मान जनाएको छ।स्कुल पक्षबाट उनलाई सम्मानस्वरूप नेपाली टोपी, दोसल्लासहित स्मृति चिन्ह प्रदान गरे। खर्साङ सेन्ट मेरीज निवासी कृष्पीन छेत्रीले विभिन्न क्लब अनि राज्यहरूको पक्षबाट शन्तोष ट्रफी, डुराण्ड कप, अनि आइ लीग खोलेपछि प्रशिक्षकको रूपमा विभिन्न महिला फुटबल क्लबहरू जस्तै सेतु एफ सी अनि उडीसा एफ सी लाई उच्च स्थानमा फुराउन सफल बनेका छन। स्मरण रहोस प्रशिक्षक छेत्रीको कुशल प्रशिक्षण अनि मार्गदर्शनमा 2026 मा सम्पन्न हुने Asia CUP को निम्ति 22 वर्ष पछि क्वालीफाइ भएर भारतीय महिला फुटबल दलले इतिहास रच्न सक्षम बनेका छन। उक्त प्रतियोगितामा सफल प्रदर्शन गर्न सके भारतीय महिला टिम विश्वकपमा खेल्ने छन।अन्तर क्रियात्मक सत्रमा उनले आफ्नो संघर्ष, सफलता अनि अनुभवहरू विद्यार्थी अनि शिक्षकगणसित साझा गर्दै खेलकुदको क्षेत्रमा कसरी अघि बढ्न सकिन्छ , खेलकुदलाई जीवनवृदीको साधन कसरी बनाउन सकिन्छ भन्ने विषयमा आफ्नो बहुमूल्य विचारहरू राखे।

## बिजनबारी ग्रामीण अस्पताल-

बिजनबारी ग्रामीण अस्पतालमा नयाँ एक्स रे मसिन जडान गरिएको छ| स्थानीयहरुको समस्यालाई ध्यानाकर्षण गर्दै धैरै अन्तरालपछि जीटिए तथा क्षेत्रीय सभासद भुपेन्द्र छेत्रीको पहलमा बिजनबारी ग्रामीण अस्पतालमा नयाँ एक्स रे मसिन बुधबार जडान गरिएको छ। यस कदमले सर्वसाधारण कमानबस्ती तथा स्थानीय मानिसहरूलाई धैरै सुविधा हुने अपेक्षा गरिएको छ भने नयाँ मेसिन मार्फत रोगीहरूले सबै प्रकारको एक्स रे गर्न सकिनेछ| एक्स रे सेवा प्रत्येक सप्ताहको सोमबारदेखि शनिबारसम्म बिहान 9 बजेदेखि 2 बजीसम्म उपलब्ध रहने अस्पताल पक्षले बताएको छ।

****** ० ******